शे-फोक्सुण्डो गाउँपालिकाको

आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक कार्यक्रम र बजेट वक्तव्य

शे फोक्सुण्डो गाउँपालिका

## शे-फोक्सुण्डो गाउँपालिका

सालदाङ, डोल्पा

कर्णाली प्रदेश नेपाल

२०८०

**आदारणीय सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

**उपस्थित महानुभावहरु**

**पत्रकार साथीहरु, सम्पूर्ण कर्मचारी मित्रहरु,**

**एवम् शे-फोक्सुण्डो गाउँपालिका बासी आमाबुबा, दाजुभाइ तथा दिदिबहिनीहरु,**

सर्वप्रथम यस शे-फोक्सुण्डो गाउँपालिकाको दोश्रो स्थानीय तह निर्वाचनबाट गठित गाउँसभाको दोस्रो आर्थिक वर्षको वर्षे अधिवेशन तथा गाउँपालिकाको तेह्रऔं गाउँसभाको बैठकमा उपस्थित हुनु भएका गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाइ हार्दिक स्वागत गर्न चाहन्छु । त्यसैगरी यस शे-फोक्सुण्डो गाउँपालकाको सातौं बजेट वक्तव्यको अवसरमा छैटौं आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । यस गरिमामय सभामा आगामी आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा आफुलाइ गौरवान्वित महसुस गरेको छु । डोल्पा जिल्ला र शे-फोक्सुण्डो गाउँपालिका भित्रका स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यम तथा पत्रपत्रिकाहरुलाइ गाउँपालिकाका गतिविधिहरुमाथि चासो राखी नियमित कलम चलाइ सहयोग गरिदिनु भएकोमा विशेष आभार प्रकट गर्न चाहान्छु। साथै देशको स्वतन्त्रता, सार्वभौमसत्ता वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो अमुल्य प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

यस शे-फोक्सुण्डो गाउँपालिकाले प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचि, स्थानीय तहको आर्थिक अधिकार, आर्थिक विकास सामाजिक विकास प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीतिहरु दिगो विकाससम्बन्धी नीतिहरु प्राकृतिक श्रोत संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकार तथा प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक सामाजिक तथा वित्तिय नीतिहरु स्थानीय सरकार सञ्चालन ऐनका प्रावधनहरु विकासका समसामयिक मुद्दाहरु जस्तैः सामाजिक संरक्षण तथा तथा सामाजिक सुरक्षा, दिगो विकास जैविक विविधता संरक्षण जलवायु परिवर्तन विपद् व्यवस्थापन बालमैत्री स्थानीय शासन , खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालयहरु र अन्यबाट प्राप्त मार्गदर्शन, सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र संघिय र प्रदेश सरकारले प्रदान गरेको बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका

आयोजना/कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिकाबाट स्वीकृत गरी छलफलका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु

**आदारणीय सभाध्यक्ष महोदय ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

**आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम संक्षेपमा प्रस्ततु गर्न चाहन्छु ।**
**फोक्सुण्डो गाउँपालिकामा हालसम्म बनेका कानूनहरु-**
**यस गाउँपालिकाकामा हालसम्म आधारभूत रुपमा आवश्यक ४८ वटा स्थानीय ऐन कानून नियम कार्यविधि मापदण्डहरु तर्जुमा भइ कार्यान्वयनको चरणमा रहेका छन भने हालसम्म अन्य केहि अत्यावश्यक कानुनहरु तर्जुमाका चरणमा रहेका छन ति ऐन कानूनहरु यथाशिघ्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ।**

**सभाध्यक्ष महोदय,**
**तथा यस सभाका सदस्य ज्यु हरु**
स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको काम कर्तव्य र अधिकारको पूर्ण कार्यान्वयनका लागि आ.व. २०८०/०८१ को योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरु स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐन कानून विभिन्न मन्त्रालययहरुबाट प्राप्त दिग्दर्शन मार्गदर्शन आदिका आधारमा सहभागितामूलक तवरले आयोजना सञ्चालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरेका छु ।
जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण कर्मचारीको लगनशिलता र कार्यक्षमता एवम् सबै गाउँपालिका निवासी जनताको सहभागिताको माध्यमबाट मात्र आयोजनाको छनौट तर्जुमा र कार्यान्वयनले सफलता प्राप्त गर्ने तथ्य मध्यनजर गरी आगामी आ.व. २०८०/०८१ का लागि योजना तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु प्रस्तुत गर्न चाहान्छु ।
**शे-फोक्सुण्डो गाउँपालिकाले आ.व.२०८०/०८१ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक तथा सांस्कृतिक एवम राजनीतिक उद्देश्यहरु र सामाजिक न्याय तथा समावेशीकरण, विकाससम्बन्धी

तथा प्राकृतिक स्रोतको उपयोग वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकारसम्बन्धि विषयहरु र भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तिय ऐनले लिएका नीति तथा प्रथमिकताहरु
- अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण दिगो विकास जलवायु परिवर्तन र विपद व्यवस्थापन खाद्य तथा पोषण सुरक्षा लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास बालमैत्री स्थानीय शासन वातावरणमैत्री स्थानीय शासन खुला दिशामुक्त तथा पूर्ण सरसफाइ उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु
- स्थानीय वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा व्यवस्था भए बमोजिम टोल गाउँ बस्तीस्तर हुदै वडा समितिबाट प्राथमिकता निर्धारण गरी आएका योजनाहरु
- शे-फोक्सुण्डो गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**योजना/आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु**

१. यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधारहरु
२. उत्पादनमूलक र शीघ्र प्रतिफल दिने विषयहरु
३. आर्थिक विकास र गरिवी न्युनीकरणमा योगदान पुर्याउने विषय
४. छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह
५. पारदर्शीता र सुशासनयुक्त संस्थागत विकास
६. स्थानीय स्रोतसाधनलाइ प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने
७. प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने
८. परम्परागत धर्म संस्कृति चाडपर्व मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने
९. वातावरण संरक्षण र दिगो विकासमा टेवा पुर्याउने
१०. गाउँपालिका र उपभोक्ता बिच साझेदारी एवम् जनसहभागितामा हुने

**आदारणीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्यः-**

आ.ब.२०८०/०८१ को यस शे-फोक्सुण्डो गाँउपालिकाको प्रमुख उद्देश्य आर्थिक, सामाजिक, सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई सम्वृद्ध बनाउने हुनेछ ।यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गर्नु रहेको छ ।

**आदारणीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

नेपालकै सबैभन्दा दुर्गम मानिने डोल्पा जिल्लाको उत्तरी सिमा क्षेत्रमा फोक्सुण्डो ताल शे गुम्बा नामगाङ गुम्बा मुक्पोरङ हिमाल सुलिगाड झरना लगायत थुप्रै जैविक विविधताले भरिपूर्ण विशिष्ट र विकासको सम्भावना रहेको यस शे फोक्सुण्डो गाउँपालिकाले सातौं आर्थिक वर्षका लागि बजेट निर्माण कार्य गर्दै गर्दा विकासका पूर्वाधार र जनताको आधारभुत आवश्यकता पूरा गर्दै जनजिविकामा सूधार र विकासका लागि निरन्तर लागिरहेको छ । ***पशुपालन पर्यटन र पूर्वाधार सुन्दर र सम्वृद्ध शे-फोक्सुण्डो को आधार*** नारा प्रस्तावित रहेको छ । सभ्य सुन्दर सम्वृद्ध शे-फोक्सुण्डो गाउँपालिकाको निर्माण गर्न सुखी र खुसी जनजिविकाको आधार तयार गर्ने गरी आगामी आर्थिक वर्ष २०८०/०८१को वार्षिक बजेट तथा कार्यक्रम तयार गरेका छौं साथै सम्पूर्ण जनप्रतिनिधिलाइ निर्वाचित गर्ने बेला शे-फोक्सुण्डो गाउँपालिकाका जनताले अभिव्यक्त गरेका इच्छालाइ पूरा गर्न शे-फोक्सुण्डो गाउँपालिकाबाट कुनै कसर बाँकी नराखिने प्रतिवद्धता व्यक्त गर्दछु ।

**आदारणीय सभाध्यक्ष महोदय**

हामीले यस आ.व.२०८०/०८१ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी बजेटका प्राथमिकताहरुलाइ छोटकरीमा पेश गर्ने अनुमति चाहन्छु

**शे-फोक्सुण्डो गाउँपालिकाका वार्षिक बजेट तथा कार्यक्रमका प्राथमिकताहरुः**

- पूर्वाधार विकास शिक्षा स्वास्थ्य र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जिवनस्तरमा सुधार गर्ने परिकल्पनाको रुपमा वार्षिक वजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

- विकासको दृष्टिले पछि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिएको छ । त्यसका लागि जनसंख्या क्षेत्रफल विकासको अवस्था आन्तरिक आय पूर्वाधारमा लागत एवम आवश्यकताको प्राथिमिकीकरण आदिका आधारमा स्रोतको बाँडफाँडको व्यवस्था गरिएको छ ।
- भौगोलिक विकटता र परनिर्भरता हाम्रो गाउँपालिकाको सबैभन्दा ठुलो र पहिलो चुनौती हो । यस तथ्यलाइ मध्यनजर गर्दै एकिकृत वस्ती निर्माण गर्ने तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठुला कृषि र पशु परियोजनाहरुको सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
- गाउँपालिकाको समग्र विकासको लागि पञ्चवर्षिय आवधिक योजना गाउँ पार्श्वचित्र र मध्यमकालिन खर्च संरचना निर्माण गरी कार्यान्वयनमा लगिने छ ।
- शे-फोक्सुण्डो गाउँपालिकामा जन्म भइ देश/प्रदेशका विशिष्ट पदमा रहेका व्यक्तिहरुलाइ समेटेर बृहद शे-फोक्सुण्डो लगानी तथा सुझाव सम्मेलन आयोजना गरिनेछ ।

शे फोक्सुण्डो गाउँपालिका

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु**

**अब म आ.व. २०८०/०८१ को आयव्यव विवरण  संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

| आयतर्फ रु. हजारमा | | | | व्ययतर्फ | | रु. हजारमा | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट शीर्षक | रकम | कैफियत | क्र. सं. | बजेट शीर्षक | रकम | कैफियत |
| १ | संघीय राजश्व बाडफाड | **५७३५८** | **पाँच करोड त्रिहत्तर लाख अन्ठाउन्न हजार** | १ | **चालु खर्च** | **७६५१९** | **सात करोड पैसठ्ठी लाख उन्नाइस हजार** |
| २ | संघीय समानीकरण अनुदान | ७ | सात करोड बीस लाख | २ | पुजिगत खर्च | १४७७३० | चौध करोड सतहत्तर लाख तीस हजार |
| ३ | संघीय समपुरक अनुदान | ३६००० | तिन करोड साठी लाख | ३ | वित्तिय व्यवस्थापन | ००० | |
| ४ | संघीय विशेष अनुदान | २०००० | दुइ करोड | ४ | संघिय सशर्त कार्यक्रम | ९८९०० | नौ करोड उनानब्बे लाख |
| ५ | संघीय सशर्त अनुदान | ९८९०० | नौ करोड उनानब्बे लाख | ५ | प्रदेश सशर्त कार्यक्रम | २१८६० | दुई करोड अठार लाख साठी हजार |
| ६ | प्रदेश राजश्व बाडफाँड | १६१ | एक लाख एकसठ्ठी हजार | | | | |
| ७ | प्रदेश समानीकरण | ४२०४ | बयालिख लाख चार हजार | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| ८ | प्रदेश समपुरक अनुदान | ९८८३ | अन्ठानब्बे लाख त्रियासी हजार | | | | |
| ९ | प्रदेश विशेष अनुदान | ५६४३ | छपन्न लाख त्रिचालिस हजार | | | | |
| १० | प्रदेश सशर्त अनुदान | २१८६० | दुइ करोड अठार लाख साठि हजार | | | | |
| ११ | आन्तरिक आम्दानी | १५०० | पन्ध्र लाख | | | | |
| १२ | अ ल्या | १५४४१।०४४३७ | एक करोड चौउन्न लाख एकचालिस हजार चौवालिस रुपैया सैतिस पैंसा मात्र | | | | |
| | **जम्मा** | ३४२९५०।०४५ | चौतिस करोड उनन्तिस लाख पचास हजार पैतालिस पैंसा | | जम्मा | ३४२९५०।०४५ | चौतिस करोड उनन्तिस लाख पचास हजार पैतालिस पैंसा |

**अन्त्यमा**

यस वार्षिक  कार्यक्रम तथा बजेट वक्तव्य तयारीका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु भएका सम्पूर्ण जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी विभिन्न राजनीतिक दलका स्थानिय नेतृत्व समाजसेवी बुद्धिजिवी विभिन्न संघ संस्था सहयोगी सुभेच्छुक एवम् शे-फोक्सुण्डो  गाउँपालिका निवासी सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।यस गाउँपालिकाको सम्वृद्धि र सेवामा खटिइरहेका सबै कर्मचारीहरुलाइ धन्यवाद गर्न चाहन्छु । साथै यस गरिमामय सभामा आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने शुभ अवसर प्रदान गर्नु हुने  गाउँ सभाका सभाध्यक्ष महोदय लगायत सम्पूर्ण गाउँ सभा सदस्य ज्यु हरुलाइ हार्दिक आभार प्रकट गर्न चाहन्छु साथै यस नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनबाट शे-फोक्सुण्डो  गाउँपालिकालाइ सभ्य सुन्दर र सम्वृद्ध बनाउन हामी सबै एक भइ अगाडी बढ्ने विषयमा विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाइ यहीं टुङ्ग्याउछु धन्यवाद ।

शे फोक्सुण्डो गाउँपालिका